**२०७९ साल बैशाख १४ गते बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. प्रदेश शान्ति सुरक्षा व्यवस्था गर्न बन्ने विधेयक सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक सहमतिको लागि स्वीकृती प्रदान गर्ने,

२. औधोगिक व्यवसाय सम्बन्धि प्रचलित प्रदेश कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

३. प्रदेश वन नियमावली, २०७९ स्वीकृति प्रदान गर्ने,

४. नेपालको संविधानको धारा १८३ को उपधारा (१) र धारा १६६ को उपधारा (२) बमोजिम सम्बत् २०७९ साल बैशाख २० गते मंगलबार दिनको १३:०० बजे प्रदेश सभा भवन, बुटवलमा प्रदेश सभाको दशौं अधिवेशन आव्हान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने,

५. लुम्बिनी प्रदेश राजधानीको गुरु योजना (Master plan) आवश्यकता अनुसार सरोकारवाला, विज्ञ तथा प्राविधिकसँग राय, परामर्श र छलफल गरी संशोधन र परिमार्जन गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई निर्देशन दिने।